
# एक्साइडको नयाँ मोटरसाइकल ब्याट्री नेपाली बजारमा

आर्थिक संवाददाता
काठमाडौं, फागुन २७

एक्साइड ब्राण्डको एक्सप्लोर नामक नयाँ ब्याट्री नेपाली बजारमा सार्वजनिक गरिएको छ । सबै प्रकारका मोटरसाइकलाई लक्षित गर्दै सिप्रदी ट्रेडिङ्ग प्रालिले यसको बिक्रीवितरण सुरू गरेको हो । नेपालको सडक एवं हावापानी सुहाउँदो एक्सप्लोर ब्याट्री विशिष्ट गुणहरू एवं विशेषताहरूले सम्पन्न भएको बताइन्छ ।

कम्पनीका अनुसार स्पिल प्रुफ डिजाइन गार्ड, ग्यास रिकम्बिनेसन प्रणाली एवं लिड क्याल्सिएम प्रविधि जस्ता अत्याधुनिक विशेषताहरू भएको यस ब्याट्रीमा पानी कहिल्यै थप्नुपर्दैन । फ्याक्ट्रीबाट नै चार्ज भएर आउने एक्सप्लोरको डब्बामा पोली प्रोपिलिन प्लास्टिक र सिन्थेटिक रेजिनको प्रयोग पनि गरिएको छ । यसैगरी, ४८ महिना लामो वारेन्टी भएको यस ब्याट्रीले यसको प्रयोगकर्तालाई मर्मतसम्भारको झन्झटलाइ टाढा राख्छ । एक्साइड ब्राण्डको नेपालस्थित एक मात्र बिक्रेता सिप्रदी ट्रेडिङ्ग प्रालि यस एक्सप्लोर ब्याट्रीले चाँडै धेरैभन्दा धेरै ग्राहकहरूको पहिलो रोजाइ बनी बजारको उल्लेखनीय हिस्सा ओगट्नेमा विश्वस्त छ ।




# नेपाली विद्यार्थीहरुलाई ६६ वटा आउट स्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्ड

आर्थिक संवाददाता
काठमाडौं, फागुन २७

क्याम्ब्रिज इन्टरनेशनलले नेपाली विद्यार्थीहरूलाई ६६ वटा आउट स्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्ड प्रदान गरेको छ । यो पुरस्कारले ४० भन्दा बढी देशका रामो प्रदर्शन गर्ने विद्यार्थीहरूलाई सम्मान गरिने गरेको छ । यी विद्यार्थीको योग्यतालाई विश्वभरका प्रमुख विश्वविद्यालय र रोजगारदाताहरूले मान्यता दिएका छन् । एक सय ६० वर्ष भन्दा लामो समयदेखि अन्तर्राष्ट्रिय परीक्षा लिँदै आएको क्याम्ब्रिज इन्टरनेशनलका पाठ्यक्रमहरु हरेक वर्ष विश्वभरका लगभग १० लाख विद्यार्थीहरूले अध्ययन गर्छन् ।

सन् २०२१/०२२ को क्याम्ब्रिज परीक्षामा उत्कृष्ट प्रदर्शन गरेकोमा नेपालका जम्मा ४७ जना विद्यार्थीहरूले प्रतिष्ठित 'आउटस्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्ड' प्राप्त गरेका छन् । यस अवार्डले चार विधा 'टप इन द वर्ल्ड' (विश्वमै सर्वोत्कृष्ट), 'टप इन द कन्ट्री' (देशभरमा सर्वोत्कृष्ट), 'हाई अचिभमेन्ट अवार्ड (उच्च उपलब्धि पुरस्कार)', र 'बेस्ट अक्रस (थुप्रै पक्षमा राम्रो)' मा सफलताको मूल्यांकन गर्ने गरेको छ । नेपालका एक जना विद्यार्थीले 'टप इन द वर्ल्ड अवार्ड' जितेका छन्, अर्थात् अंग्रेजी भाषा र साहित्यमा उनले विश्वमै सबैभन्दा बढी अंक हासिल गरेका छन् ।

क्याम्ब्रिज युनिभर्सिटी प्रेस एण्ड एसेसमेन्टका दक्षिण एसियाका प्रबन्धनिर्देशक अरूण राजामणिले आउट स्ट्यान्डिङ क्याम्ब्रिज लर्नर अवार्डले विश्वभर क्याम्ब्रिज परीक्षाहरूमा उच्च प्रदर्शन गर्ने विद्यार्थीहरूको असाधारण शैक्षिक उपलब्धिहरूको कदर र सम्मान गर्ने बताए । वर्षेनी असंख्य नेपाली विद्यार्थीहरूलाई स्टेम (विज्ञान, प्रविधि, वातावरण र गणित) र गैर-स्टेम विषयहरूमा उनीहरूको उत्कृष्ट प्रदर्शनको आधारमा यी पुरस्कारहरु प्रदान गरिएको उनले जानकारी दिए ।

यस्तै ब्रिटिस काउन्सिल नेपालका महाप्रबन्धक तथा परीक्षा निर्देशक म्याक्सिम राइमानले ब्रिटिश काउन्सिलले यी विद्यार्थीहरूलाई उनीहरूको लगावलाई पछ्याउन र क्षमतालाई साकार पार्न अर्को कदम चाल्ने अवसर प्रदान गरेको बताए । यसका साथै क्याम्ब्रिजका परीक्षा उत्तीर्ण गर्नुले उनीहरूलाई विषयको गहिरो ज्ञान, संवाद र आलोचनात्मक सोचजस्ता सबैतिर चाहिने सीपहरूको राम्रो आधार प्रदान गरेको उनको भनाइ छ ।




# इन्फोडेभलपर्सद्वारा महिला कर्मचारी सम्मानित

आर्थिक संवाददाता
काठमाडौं, फागुन २७

इन्फोडेभलपर्स प्रालिले कम्पनीमा कार्यरत महिला कर्मचारीहरूलाई सम्मान गरेको छ । अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा कम्पनीले एक कार्यक्रमको आयोजना गरी तीन वर्षभन्दा बढी योगदान गरेका महिला कर्मचारीहरूलाई सम्मान गरेको हो ।



इन्फोडेभलपर्समा सफ्टवेयर डेभलपमेन्ट, प्लानिङ, सेल्स, मार्केटिङ, सपोर्टलगायतका विभागहरूमा १०६ जना महिला कर्मचारीहरू काम गरिरहेका छन् । सम्मान प्राप्त गर्ने कर्मचारीहरूमा अनु खड्का, बिन्दु प्रधान, दिक्षा शाक्य, लसता तुलाधर, मनिषा खनाल, निश्मा काफ्ले, रेनुका खड्का, सन्जु मगर, श्रेया तामाङ, श्रीस्टिना नकर्मी, सुश्मिता राई रहेका छन् । उक्त कार्यक्रममा सम्मानको अतिरिक्त कर्मचारीहरूद्वारा विभिन्न सांस्कृतिक कार्यक्रमहरू पनि प्रस्तुत गरिएको थियो । कार्यक्रममा कम्पनीका प्रमुख सञ्चालन अधिकृत डा. राजिब सुब्बाले सुरूका दिनहरूमा सफ्टवेयर डेभलपमेन्ट, कोड लेख्ने काम महिलाहरूले गर्दै आएकोमा हाल आईसीटीको क्षेत्रमा काम गर्ने महिलाहरूको संख्या कम हुँदै गएको बताए । विश्वबजारमा नै आईसीटी क्षेत्रमा २२ प्रतिशत महिलाले काम गर्दै आइरहेको इन्फोडेभलपर्समा भने कम्तीमा ३० प्रतिशतभन्दा बढी महिला कर्मचारीहरू हुनु आफैंमा गौरवको विषय भएको उनको भनाइ थियो ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत उमेश रघुवंशीले कम्पनीमा कुनै पनि सेवा, सुविधा र जिम्मेवारीमा महिला र पुरूष भनेर भेदभाव नहुने बताए । इन्फोडेभलभर्सले आगामी २/३ वर्षमै महिला कर्मचारीहरूको संख्या ३५ प्रतिशतभन्दा माथि पुऱ्याउने लक्ष्य पनि राखेको छ । सन् २००२ मा स्थापना गरिएको इन्फोडेभलपर्स प्रालि सहकारी र लघुवित्तका लागि कोर बैंकिङ सोलुसन विकास गर्ने अग्रगामी फिनटेक कम्पनी हो । नेपाल सरकार, बैंक तथा वित्तीय संस्था, गैरसरकारी संस्था, सहकारी तथा लघुवित्तका लागि विभिन्न परियोजना, प्रडक्ट र सेवा दिन तीन सय ५० बढी कर्मचारीहरूले काम गरिरहेका छन् ।

# निजी विद्यालयमा लगानी गर्न सरकारसँग माग

आर्थिक संवाददाता
काठमाडौं, फागुन २७

नेपाली कांग्रेसका नेता एवम् प्रतिनिधिसभा सदस्य प्रदीप पौडेलले निजीस्तरका विद्यालयमा लगानी गर्न सरकारसँग माग गरेका छन् । शनिबार ज्ञान चक्षु इंग्लिस स्कुलको १७औं वार्षिक उत्सव तथा अभिभावक दिवसको अवसरमा आयोजित कार्यक्रमका पौडेलले सरकारी विद्यालयभन्दा निजीस्तरका विद्यालयहरूको शैक्षिक गुणस्तर राम्रो भएकोले निजी विद्यालयमा पढ्ने विद्यार्थीको शुल्क राज्यले तिर्नुपर्ने बताए ।

सरकारी विद्यालय सुधार गर्न सरकारलाई नीतिगत ठोस सुझाव दिनुपर्नेमा सांसद पौडेलमा भने निजी विद्यालयप्रति मोह देखिएको छ । निजी विद्यालयको शुल्क महंगो भएकोले अभिभावकले तिर्न नसकेको भन्दै उनले यसमा पनि राज्यको लगानी हुनुपर्ने बताए । यस्तै उनले प्रविधिमैत्री र प्रतिस्पर्धात्मक अवस्था आएकाले समयानुकूल शिक्षा नीतिमा परिवर्तन गर्नुपर्नेमा जोड दिए । प्रमाणपत्रमुखीभन्दा पनि नेतृत्व गर्ने शिक्षा आजको आवश्यकता रहेको बताउँदै उनले प्रतिस्पर्धात्मक शिक्षाबाट नै दक्ष जनशक्ति उत्पादन हुने उल्लेख गरे । कार्यक्रममा विद्यालयका संस्थापक निर्देशक रमेश श्रेष्ठले ज्ञान चक्षु इंग्लिस स्कुललाई बोलेर मात्र नभई कामले गुणस्तरीय शिक्षा प्रदान गर्ने बताए । उनले विद्यालयको गुणस्तरलाई उकास्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक तीनै पाटाको महत्वपूर्ण भूमिका हुने भएकाले त्यो अवस्था यस स्कुलमा भएकाले काठमाडौं उपत्यकाको उत्तरीभेगको उत्कृष्ट हुन सफल भएको बताए । उनले निकट भविष्यमा नै शैक्षिक पूर्वाधारयुक्त विद्यालयको आफ्नै भवन निर्माण हुने जानकारी दिए । हाल प्लेग्रुपदेखि १० कक्षासम्म मात्र भएकाले प्लस टुसम्म सञ्चालन गर्ने उनले बताए ।



विद्यालयका प्रधानाध्यापक मिन कुमार कोइरालाले भावी शैक्षिक योजना प्रस्तुत गर्दै विद्यालयले दिएको महत्वपूर्ण जिम्मेवारीलाई आत्मसात् गर्दै अगाडि बढ्ने बताए । उनले न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्न स्कुल सक्षम रहेको दाबी गरे । कार्यक्रममा वरिष्ठ गायक हेमन्त शर्मा, राष्ट्रिय कलाकारहरू रिता केसी, जादुकर शेर बहादुर गुरूङ, नृत्याङ सुशीला थापालगायतले आ-आफ्नो प्रतिभा देखाई कार्यक्रमलाई रोमाञ्चक बनाएको थियो । सो कार्यक्रममा विद्यालयका शिक्षा, कर्मचारी पुरस्कार प्रदान गरिनुका साथै विद्यालयको अतिरिक्त क्रियाकलापमा सहभागी उत्कृष्ट विद्यार्थीहरूलाई मेडल तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

# पाथीभरामा तीर्थयात्रीको आगमन बढ्यो

ताप्लेजुङ, फागुन २७ । जिल्लाको प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिरमा भक्तजनको उपस्थिति बढ्न थालेको छ । मौसम केही न्यानो हुँदै गएको र पाथीभरा क्षेत्रमा हिउँ परेपछि पर्यटकको आगमन बढ्दै गएको हो । यहाँ वर्षेनी वसन्त ऋतुको आगमनसँगै भक्तजनको समेत बढ्छ । यो वर्ष हिउँ कम परे पनि मन्दिरको दर्शनका लागि दैनिक सात सय बढी तीर्थयात्री ओहोरदोहोर गरिरहेको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ ।

शनिबार र मंगलबारका दिनमा भने दुई हजार बढी भक्तजन पुग्नथालेको समितिको भनाइ छ । गत मंगलबार दुई हजार दुई सय ८३ जना भक्तजन पाथीभरा दर्शनका लागि आएको समितिका कार्यकारी निर्देशक मनमणि काफ्लेले जानकारी दिए । यहाँ आउने संख्या दैनिक बढिरहेको उनको भनाइ छ । बाह्रै महिना तीर्थयात्री आउने पाथीभरामा विशेषगरी बडादशैं र वसन्त ऋतुका समयमा भक्तजनको चाप बढ्ने गरेको छ । बडादशैंपछि चैतेदशैं (रामनवमी)का समयमा धेरै तीर्थयात्री यहाँ आउँछन् । यहाँ भारत र अन्य देशबाट पनि भक्तजनहरू आउने गरेका छन् । पाथीभराको दर्शनसँगै कञ्चनजंघासहितका हिमशृंखलाको अवलोकन, विभिन्न प्रजातिका गुराँसको सुन्दरतामा रमाउनुका साथै हिउँ खेल्नका लागि यहाँ आउने पर्यटक बढेको पाथीभरा क्षेत्रमा पर्ने फेदीका होटल व्यवसायी इन्द्रनारायण भट्टराईले बताए । यो समयमा काफ्लेपाटी, फेदीलगायतका होटलसमेत खचाखच हुन थालेका छन् ।

तीर्थयात्रीको आगमन बढेसँगै पाथीभरा मन्दिर जाने पदमार्गमा र मन्दिरकै परिसरमा हेल्थ डेक्स स्थापना गर्ने तयारी भएको छ । जिल्ला प्रशासन कार्यालय ताप्लेजुङको अगुवाइमा शुक्रबार बसेको सरोकारवालासहितको बैठकले हेल्थ डेक्स स्थापन गर्ने योजना बनाएको हो । पाथीभरा क्षेत्रका होटलमा तीर्थयात्रीलाई खाना, खाजा र बस्नका लागि सहजरूपले सुविधा प्रदान गर्न होटल व्यवसायीसँग छलफलसमेत भएको छ । ताजा र स्वच्छ खाना खुवाउने, चलनचल्तीभन्दा बढी मूल्य लिन नपाउने निर्णय भएको छ । यस्तै सहज यातायातका लागि निजी तथा भाडाका सवारीसाधनलाई काफ्लेपाटीसम्म सहजरूपले आवतजावत गर्न दिने, सवारी चालकलाई अनिवार्य ट्राफिक नियमको पालना गर्न लगाउनेसमेत निर्णय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

काफ्लेपाटीमा तीर्थयात्रीको चाप बढेको समयमा बाहिरबाट खाली गाडी झिकाउँदा प्रतिव्यक्ति चार सय ५० रूपैयाँ लाग्ने र चलनचल्तीको चार सय रूपैयाँसम्म दिन सकिने गरी यातायात व्यवसायीसँग समझदारी भएको छ । यात्रुलाई पर्नसक्ने विविध कठिनाइ र समस्या सम्बोधनका लागि फुङलिङस्थित काउन्टर, सुकेटार र मन्दिर परिसरमा गरी तीन ठाउँमा सहायताकक्ष राखिने भएको छ । प्रायःजसो तीर्थयात्री बढी आउने समयमा यातायातको असुविधा हुने गरेकोलगायतका गुनासा आउने गरेका छन् । तीर्थयात्रीको गुनासो, उनीहरूका सल्लाह सुझाव, सरोकारवालाले देखेका समस्यालाई मध्यनजर गरेर उद्योग वाणिज्य संघ, रेडक्रस, होटल व्यवसायी, यातायात व्यवसायी, सुरक्षा निकाय, स्थानीय जनप्रतिनिधि र अन्य सरोकारवालासहितको बैठक बसेर छलफल भएको प्रमुख जिल्ला अधिकारी चेम्जोङले बताए ।

यस्तै ट्राफिक व्यवस्थापन र थप सुरक्षाका लागि आवश्यक तयारी भइरहेको ताप्लेजुङ प्रहरी प्रमुख तथा प्रहरी नायब उपरीक्षक राजन लिम्बूले जानकारी दिए । तीन हजार सात सय ९४ मिटरको उचाइमा पर्ने पाथीभरा मन्दिर पुग्न इटहरीबाट तमोर करिडोर र झापाको बिर्तामोडबाट मेची राजमार्ग हुँदै जान सकिन्छ । मेची राजमार्गअन्तर्गतको बाटो सुकेटारसम्म पक्की छ भने त्योभन्दा माथि काफ्लेपाटीसम्म कच्ची बाटो छ । वर्षात्को समयमा कच्ची बाटोमा सामान्यतया समस्या हुने भए पनि हिउँदका समयमा भने सहजै ओहोरदोहोर गर्न सकिन्छ । पाथीभरामा हेलिकोप्टरमार्फत मन्दिरमै पुगिन्छ । पछिल्लो समय उच्चपदस्थ व्यक्तिलगायत केहीले हेलिकोप्टर चार्टर्ड गरेर मन्दिरको दर्शनमा आउने गरेका छन् ।

# पर्यटन प्रवर्द्धन र विकासमा सहयोग गर्न नाट्टाको आग्रह

आर्थिक संवाददाता
काठमाडौ फागुन २७

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले पर्यटन प्रवर्द्धन र विकासमा सहयोग गर्न संयुक्त पर्यटन ट्रेड युनियनसँग आग्रह गरेको छ । नाट्टाका अध्यक्ष रमेश थापाले शनिबार विज्ञप्ति जारी गरी विगत केही दिनदेखि संयुक्त पर्यटन ट्रेड युनियन फोरमले नाट्टासँग केही माग राखेर वार्ता गरिरहेको अवस्थामा शुक्रबार नाट्टा सचिवालयमा ताला लगाउने काम भएको भन्दै यसले मुलुकको पर्यटन प्रवर्द्धन र विकासमा सहयोग नपुग्ने बताएका हुन् ।

'सन् २०१५ को विनाशकारी भूकम्प, कोरोना र बैंक तथा वित्तीय संस्थाको चर्को ब्याजदरका कारण थला परेको नेपालको पर्यटन व्यवसायलाई पुनः जीवन दिन नेपालका पर्यटन व्यवसायीको अथक र धैर्यपूर्ण संघर्ष गरिरहेको अवस्थामा कार्यालयमा तालाबन्दी गरिनु गम्भीर विषय भएको छ', अध्यक्ष थापाद्वारा जारी विज्ञप्तिमा भनिएको छ । नाट्टाले नेपालको पर्यटन प्रवर्द्धनमा चाइना सेल्स मिसन, अन्तर्राष्ट्रिय बुद्धिष्ट सर्किट सेल्स मिसन, बुद्धिष्ट इन्टरनेशनल ट्राभल मार्टलगायतको काम गरिरहेको अवस्थामा कार्यालयमा तालाबन्दी गर्दा यसबाट पर्यटक आवागमनसमेत प्रभावित हुने बताएको छ । आन्दोलनरत पक्षलाई समस्याको गाम्भीर्य बुझी विना शर्त ताला खोल्न र पर्यटन प्रवर्द्धन र विकासमा सहयोग गर्न नाट्टाले आग्रह समेत गरेको छ ।


## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## संक्षिप्त सूची सम्बन्धमा

**प्रथम पकट सूचना प्रकाशित मितिः २०७९/११/२८ गते**

यस कार्यालयबाट मिति २०७९/१०/२६ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिका प्रकाशित Consulting Service for the "Chautara Sangachokgadhi Municipality's Integrated Information Management System and Mobile App" Expression of Interest (EOI) नं. **CSGM/EOI/QCBS-01/079-80** सूचना अनुसार रितपूर्वक पेश हुन आएका आशयपत्रहरुको मुल्याङकन पश्चात, सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० (५) व्यवस्था भए अनुसार तपशिल बमोजिमको संक्षिप्त सूची तयार पारी सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७० (१०) प्रयोजनार्थ सम्बन्धित सबै आशायपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Name of the Shortlisted Consultant | Remarks |
|---|---|---|
| 1 | Civillink-Dryice-Dotsanddashes, Lokanthali, Bhaktapur | |
| 2 | Matrix-Shrestha-Scholar, Bishalnagar, Kathmandu | |
| 3 | RAAS-ICPT-GOIC JV, Bishalnagar, Bhimsenmarg | |
| 4 | PEES-SEED-NETWORK JV, Koteshwor KMC-35 | |
| 5 | Softech Foundation Pvt Ltd. And Rajdevi Engineering Consultant Pvt. Ltd, Mid Baneshwor, Kathmandu, Nepal | |

**नोटः संक्षिप्त सूचीमा परेका आशायपत्रदाताहरुसँग अर्को सुचना/पत्र मार्फत प्रस्ताव माग गरिनेछ ।**